**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

**बैठक संख्या : १३७**

मितिः २०७८/१२/१३

छलफल एवं निर्णय :

१. आज बसेको समितिको बैठकमा समितिको वार्षिक प्रतिवेदन,२०७८ माथि छलफल भई माननीय सदस्यहरुले दिनुभएको राय सुझावहरुलाई समावेश गरी प्रतिनिधि सभाको आगामी बैठकमा प्रस्तुत प्रतिवेदन पेश गर्ने निर्णय भयो ।

२. समितिबाट स्थलगत अनुगमनका क्रममा काठमाडौ-तराई/मधेश द्रुतमार्ग आयोजना निर्माणको चरणमा बनिसकेका कतिपय संरचनाहरु चर्किएको, भत्किएको, Drain Pipe हरु फुटेको, गुणस्तरहीन निर्माण सामग्रीको प्रयोग भएको र प्रारम्भिक चरणमा नै बनेका संरचनाहरु मर्मत समेत भएको पाइएको हुँदा सोही धरातलमा द्रुतमार्ग निर्माणको काम अगाडि बढाउँदा तोकिएको मापदण्ड अनुरुप द्रुतमार्ग निर्माण हुनेमा प्राविधिक विज्ञहरुले समेत शंका व्यक्त गरिरहेको सन्दर्भमा उक्त कार्यको छानविन गरी यथार्थ विवरण पत्ता लगाई दोषिलाई कारवाही गर्न समिति नेपाल सरकार रक्षा मन्त्रालयलाई निर्देश गर्दछ ।

३. द्रुतमार्ग (Express way) आयोजनाको प्याकेज २ को ठेक्का व्यवस्थापनका सम्बन्धमा नियमानुसार काम नभएको भनी मिति २०७७।१२।१९ गते बसेको सार्वजनिक लेखा समितिको बैठकले निर्दिष्ट कानुन अनुसार खरिद प्रक्रिया सञ्चालन नभएकोले खरिद प्रक्रिया रद्द गरी पुनः नियमानुसार खरिद प्रक्रिया अघि बढाउन नेपाल सरकारलाई निर्देश गरेको थियो । सो सम्बन्धमा उक्त निर्देशन उपर पुनर्विचारका लागि अनुरोध भइ आएको भनि मिति २०७८।११।२० गते बसेको सोही समितिको बैठकले भविष्यमा यस प्रकारको अवस्था आउन नदिने गरी खरिद प्रक्रिया सञ्चालन गर्न, तत्कालिन सम्बद्ध पदाधिकारीलाई सचेत गराउन समेत निर्देश गरी सकेको अवस्थामा फेरी प्याकेज नं. ४ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge And Alliied Works from Ch: 57+400 to Ch:.65+160) र प्याकेज नं. ५ (Construction of Double Lane Dual Carriageway Standard Expressway Road, Bridge,Toll Plazz, Intercharge and Allied Works Ch:65+160 to Ch:.72+529) को ठेक्का व्यवस्थापनका सम्बन्धमा निर्दिष्ट कानुन अनुसार सम्झौता नगरी कानुनको गम्भीर उल्लंघन गरेको गरेको पाइएको छ ।

समितिले आयोजनासँग विभिन्न मितिमा बैठक बसी आयोजनाबाट सम्पादन हुने सम्पूर्ण कार्यहरु पारदर्शी र विश्वसनीय रुपमा अगाडि बढाउन पटक पटक निर्देश गरेता पनि आयोजनाबाट हुने ठेक्का व्यवस्थापनका कार्यहरु कानुन विपरित हुने गरेको पाइएकोमा समितिको गम्भिर ध्यानाकर्षण भएको हुँदा ठेक्का व्यवस्थापनका कार्यहरु निर्दिष्ट कानुनको पूर्ण पालना गरी गर्न गराउन एवं त्रुटीपूर्ण कार्यमा संलग्न पदाधिकारीहरुलाई कारवाहीको प्रक्रिया अगाडि बढाउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र नेपाली सेनालाई निर्देश गर्दछ ।

४. प्याकेज नं. ३ को ठेक्का व्यवस्थापनका सन्दर्भमा सम्बन्धित निर्माण व्यवसायीले पेश गरेको Document विश्वसनीय नभएको भनी समितिमा गुनासो आएको हुँदा प्याकेज नं तीन अन्तरगत भएका ठेक्का व्यवस्थापनका सम्पूर्ण कागजातहरु ७ दिनभित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार रक्षा मन्त्रालय र काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Express way) आयोजनालाई निर्देश गर्दछ ।

५. समितिबाट भएका मुख्य मुख्य कार्यहरु समेटिएको पुस्तक प्रकाशन गर्ने ।

६. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

..............................
(ओमबहादुर कार्की)
समिति सचिव

..............................
(कल्याणी कुमारी खड्का)
सभापति